**बैठक संख्या ९**

आज मिति २०७४ साल माघ ३ गतेका दिन तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको बैठक समितिका अध्यक्ष एवम नगर प्रमुख श्री बासुदेव घिमिरे ज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितीमा निम्नअनुसारका निर्णयहरु गरियो ।

**उपस्थिती**

| | | |
|---|---|---|
| १. | नगर प्रमुख श्री बासुदेब घिमिरे | नगर कार्यपालिका अध्यक्ष |
| २. | नगर उप. प्रमुख श्री जगेश्वर देवी चौधरी | नगरसभा सदस्य |
| ३. | वडा अध्यक्ष श्री तामानाथ पाण्डेय | नगरसभा सदस्य |
| ४. | वडा अध्यक्ष श्री दधिराम गौतम | नगरसभा सदस्य |
| ५. | वडा अध्यक्ष श्री टंक प्रसाद तिवारी | नगरसभा सदस्य |
| ६. | वडा अध्यक्ष श्री दिवाकर ढकाल | नगरसभा सदस्य |
| ७. | वडा अध्यक्ष श्री चेत नारायण भण्डारी | नगरसभा सदस्य |
| ८. | वडा अध्यक्ष श्री सुखदेव न्यौपान | नगरसभा सदस्य |
| ९. | वडा अध्यक्ष श्री दुर्गाप्रसाद पाण्डे | नगरसभा सदस्य |
| १०. | वडा अध्यक्ष श्री कृष्णप्रसाद पौडेल | नगरसभा सदस्य |
| ११. | वडा अध्यक्ष श्री नारायण न्यौपाने (का.भा.) | नगरसभा सदस्य |
| १२ | वडा अध्यक्ष श्री व्यास मुन थारु | नगरसभा सदस्य |
| १३. | वडा अध्यक्ष श्री मुक्तिनारायण चौधरी थारु | नगरसभा सदस्य |
| १४. | वडा अध्यक्ष श्री सहदेव थारु | नगरसभा सदस्य |
| १५. | वडा अध्यक्ष श्री गणेश न्यौपाने | नगरसभा सदस्य |
| १६. | वडा अध्यक्ष श्री सोहन प्रसाद थारु | नगरसभा सदस्य |
| १७. | वडा अध्यक्ष श्री खेमराज गुरुङ्ग | नगरसभा सदस्य |
| १८. | वडा अध्यक्ष श्री झविलाल भुसाल | नगरसभा सदस्य |
| १९. | वडा अध्यक्ष श्री दान बहादुर चौधरी | नगरसभा सदस्य |
| २०. | श्री गिता कुमारी सापकोटा | नगरसभा सदस्य |
| २१. | श्री गायत्री पाण्डे | नगरसभा सदस्य |
| २२. | श्री संगिता गुरुङ | नगरसभा सदस्य |
| २३. | श्री राधा शाही | नगरसभा सदस्य |
| २४. | श्री मिरा कुमारी वि.क. | नगरसभा सदस्य |
| २५. | श्री लक्ष्मण नेपाली | नगरसभा सदस्य |
| २६. | श्री सुरेन्द्र श्री विश्वकर्मा | नगरसभा सदस्य |
| २७. | श्री हर्क बहादुर सार्की रम्तेल | नगरसभा सदस्य |
| २८. | श्री कृष्णप्रसाद सापकोटा | नगरसभा सदस्य सचिव |

अन्य उपस्थिती:

१. कानूनी सल्लाहकार अधिवक्ता श्री खुमकान्त पौडेल
२. प्रेस सल्लाहकार श्री वि. पि. गौतम
३. लेखा अधिकृत श्री राजेन्द्र प्रसाद आचार्य
४. शाखा अधिकृत श्री सागर गौतम
५. स्वकिय सचिव श्री विष्णु प्रसाद अर्याल
६. सुचना प्रविधि अ. श्री सुदिप ज्ञवाली
७. स्व. प्र. अ. श्री भगवती तिवारी

प्रस्तावहरु :

१. नगरसभा सम्पन्न गर्ने सम्बन्धमा ।
२. विभिन्न विधेयकहरु उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३. आर्थिक ऐन २०७४, र विनियोजन ऐन २०७४ संशोधन सम्बन्धमा ।
४. बालमैत्री शासन संचालन लागू गर्ने सम्बन्धमा ।
५. विविधः
   - क. जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा ।
   - ख. नगरपालिका कार्यालय तथा वडा कार्यालयमा कार्यरत करार कर्मचारीहरुको म्यादथप सम्बन्धमा ।
   - ग. स्वास्थ्य ईकाई तर्फका करार कर्मचारीहरुको म्याद थप तथा सेवा सुविधा सम्बन्धमा ।
   - घ. घरेलु तथा साना उद्योग महासंघलाई भवन भाडामा दिने सम्बन्धमा ।
   - ङ. सामाजिक परिचालकहरुको सेवा निरन्तरता सम्बन्धमा ।
   - च. भवन शिलान्यस सम्बन्धमा ।
   - छ. राजपत्र प्रकाशन र मुद्रण सम्बन्धमा ।
   - ज. स्थानीय अभिलेख व्यवस्थापन
   - झ. भूउपयोग योजना निर्माण सम्बन्धमा ।
   - ञ. बन्दमुक्त नगरपालिका घोषणा सम्बन्धमा ।
   - ट. प्लाष्टिक झोला र प्लाष्टिक ग्लास मुक्त नगरपालिका घोषणा सम्बन्धमा ।
   - ठ. अन्तराष्ट्रिय स्तरका शहरहरुसँग भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा
   - ड. सम्मान कार्यक्रम सम्बन्धमा ।
   - च. पुरानो घरको नक्सा पासको म्याद थप सम्बन्धमा ।
   - छ. गत सालको भुक्तानी सम्बन्धमा ।

**निर्णय १**

- यस तिलोत्तमा नगरपालिकाको दोस्रो नगरसभा मिति २०७४ माघ ८ गते प्रतिनिधि सभाका माननीय सदस्यहरु, विभिन्न राजनितिक दल, संघ संस्था, बुद्धिजिवी, समाजसेवी, प्राध्यापक, पत्रकार, संचारकर्मी, कर्मचारीहरु समेतको उपस्थितिमा यस कार्यालय अगाडि रहेको प्राङगणमा उद्घाटन समारोहको आयोजना गने र नगरप्रमुखले तोके बमोजिमको मिति, समय र स्थानमा नगर सभा संचालन कार्यविधि अनुसार **विधान अधिवेशनको रुपमा नगरसभा** संचालन गर्ने निर्णय गरियो ।

**निर्णय २**

- स्थानीय सरकार संचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को परिच्छेद ५, दफा २० ले प्रत्यायोजन गरेको अधिकार प्रयोग गरी स्थानीय सरकारले आफूलाई आवश्यक पर्ने ऐन पारित गरी लागू गर्न सक्ने भएकोले यस नगरपालिकाद्धारा मिति २०७४।९।२ प.सं. ५७७७ को पत्रानुसार मनोनित विधायन मस्यौदा उपसमितिका संयोजक अधिवक्ता खुमकान्त पौडेलसमेतले तयार पारेको विधायन मस्यौदा उपर यस नगरपालिकाको उपप्रमुख तथा विधायन उपसमितिका संयोजक श्री जगेश्वर देवी चौधरी समेतको संयोजकत्वमा रहेको समितिमा समेत छलफल भई सिफारिस गरिएका तपशीलमा उल्लिखित विधेयक मस्यौदा उपर नगर कार्यपालिकाले व्यापक छलफल गरी आवश्यक परिमार्जन सहित पारित गरी थप छलफल, प्रमाणिकरण तथा मुद्रणका लागि मिति २०७४।१०।८ गते बस्ने नगरसभामा पेश गर्ने निर्णय गरियो ।
- तिलोत्तमा नगरपालिकाको केही कानून तर्जुमा र व्यवस्थापन गर्न बनेको ऐन, २०७४
- तिलोत्तमा नगरपालिकाको केही सार्वजनिक लिखत प्रमाणिकरण र प्रकाशन (कार्यविधि) ऐन, २०७४
- तिलोत्तमा नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४
- तिलोत्तमा नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७४

- तिलोत्तमा नगरपालिकाका एफ एम रेडियो (व्यवस्थापन तथा संचालन) कार्यविधि ऐन, २०७४
- तिलोत्तमा नगरपालिकाको सहकारी ऐन, २०७४
- तिलोत्तमा नगरपालिकाका शिक्षा नियमावली, २०७४
- तिलोत्तमा नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७४
- नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४
- टोल विकास संस्था सञ्चालन कार्यविधि - २०७४

**निर्णय नं. ३**

- नेपालको संविधानको भाग १९ स्थानीय आर्थिक कार्यप्रणाली अन्तर्गत धारा २२८ (२) ले प्रत्याभूत गरेको अधिकार प्रयोग गरी यस नगरपालिकाले आर्थिक ऐन २०७४, र विनियोजन ऐन २०७४ लागू गरिसकेको सन्दर्भमा केहि संशोधन गर्नु पर्ने आवश्यक भएकोले आर्थिक ऐनमा निम्नानुसार संशोधन गर्न नगर सभामा छलफल तथा पारितको लागि पेश गर्ने र विनियोजन ऐनका सम्वन्धमा थप छलफल गरी गर्ने निर्णय गरियो ।

**आर्थिक ऐन (पहिलो संशोधन) २०७४**

यस नगरपालिकाको आ.व. २०७४/०७५ को लागि आर्थिक ऐनमा केही संशोधन गर्न आवश्यक देखिएकोले तिलोत्तमा नगरपालिकाको नगरसभाबाट आ.व. २०७४/०७५ को लागि यो संशोधन ऐन जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क. यस ऐनको नाम तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन (पहिलो संशोधन) २०७४ रहेकोछ ।
ख. यो ऐन स्वीकृत हुनासाथ तुरुन्त लागू हुनेछ ।

**२. ऐनको अनुसुची ८ को बुदा नम्वर २ मा निम्न शब्दहरु थपिएका छन् ।**

(ट) जरिवाना:- यस नगरपालिकाको क्षेत्र भित्रको खोला तथा नदीहरुबाट माटो, भस्कट, गिट्टी, वालुवा, ढुङ्गा जस्ता नदीजन्य पदार्थ अवैध रुपमा ओसार-पसार गर्ने सवारी साधनहरुलाई ओसार-पसार गरेको नदीजन्य पदार्थ जफत गरी तपसिल वमोजिमको दण्ड जरिवाना लगाईने छ ।

१. ट्याक्टरको हकमा २५,०००।-
२. टिप्परको हकमा ५०,०००।-
३. जे.सी.वि. / लोडर/एक्साभेटर को हकमा १,००,०००।-
४. उपरोक्त अनुसारको कसुर पुन गरेमा दोब्बर जरिवाना लगाईने छ ।
५. अवैध रुपमा नदीजन्य पदार्थ ओसार पसार गरेको अवस्थामा पकाउ गरी नगरपालिकामा ल्याउने व्यक्ति वा सुरक्षाकर्मीलाई जरिवाना रकमको २५ प्रतिशतले हुन आउने रकम प्रोत्साहन भत्ता उपलब्ध गराईने छ । एक भन्दा बढि व्यक्तिको संलग्नता भएमा दामासाहीले दिईनेछ ।

(ठ) व्यक्तिगत दर्तावाला जग्गाबाट माटो उत्खनन गरी बिकी बितरण गर्न चाहेमा चौकिल्ला प्रमाणीत गरी एकमुष्ठ प्रतिवर्ग फुट पचास पैसा राजश्व बुझाई अनुमति लिई ओसार पसार गर्न दिइनेछ । एकमुष्ठ नभै पटक पटक ओसार गर्दा पटके कुपन जारी गर्नु पर्ने भएमा खटिएको कर्मचारीलाई अशुल रकमको २५ प्रतिशतले हुने रकम पारिश्रमिक उपलब्ध गराईनेछ ।

**३. अनुसूची- ८ को वुदाँ नं. ९ पछि निम्न शब्द थप गरिएको छ :-**

(क) नगरपालिकालाई नियम अनुसार बुझाउन पर्ने रकम सम्वन्धित आ.व.मा नबुझाउने व्यक्ति, संस्था, निर्माण व्यवसायी, परामर्श दातालाई नियम अनुसार बुझाउने रकममा बुझाउनको लागि ०७४ चैत्र मसान्त सम्मको म्याद दिई सूचना जारी गर्ने र सो समय भित्र ब्यवसायीक कर नबुझाएमा तपशिल वमोजिमको विलम्ब दस्तुर लागाईने छ ।

(१) एक आर्थिक वर्ष ब्यतीत भईसकको अवस्थामा लाग्ने दस्तुरमा ५० प्रतिशत थप विलम्ब दस्तुर लाग्ने छ ।

(२) दुई आर्थिक बर्ष व्यतीत भईसकको अवस्थामा लाग्ने दस्तुरमा ७५ प्रतिशत थप विलम्ब दस्तुर लाग्ने छ ।
(३) दुई आर्थिक बर्ष भन्दा बढी व्यतीत भईसकको अवस्थामा लाग्ने दस्तुरमा १०० प्रतिशत थप विलम्ब दस्तुर लाग्ने छ ।

**निर्णय नं. ४**

नेपालको संविधानको भाग ३, मौलिक हक र कर्तव्य अन्तर्गत बालबालिकाको हकलाई मौलिक हकको रुपमा व्यवस्थापन गरेको सन्दर्भमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता अनुरुप यस नगरपालिकामा पनि प्रत्येक बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद मनोरन्जन तथा सर्वाङ्गिण व्यक्तिको विकासका साथै प्रारम्भिक बालविकास तथा बाल सहभागिता गराउने उद्धेश्यबाट अभिप्रेरित भई यस नगरपालिकालाई बालमैत्री नगरपालिका घोषण गर्नका लागि पूर्वाधार तयार गर्न आवश्यक क्रियाकलाप संचालन गर्ने, आवश्यक सूचक पूरा भएपश्चात निकट भविष्यमा नै बालमैत्री नगरपालिका घोषण गर्ने निर्णय गर्दै नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

क. जनप्रतिनिधिहरुको सेवा सुविधा सम्बन्धमा आवश्यक छलफल गरियो र यस विषयमा अन्य स्थानीय तहमा भए गरेका निर्णयहरुलाई समेत आधार मानी थप छलफल गर्ने निर्णय गरियो ।

ख. यस तिलोत्तमा नगरपालिका कार्यालय तथा वडा कार्यालयमा कार्यरत करार सेवाका तपसिल बमोजिमका कर्मचारीहरुको साविक बमोजिम तोकिएको सेवा सुविधा र कामकाज गर्ने गरी २०७४ पौष १ गते देखि २०७५ असार मसान्त सम्म ६ महिनाको लागि म्याद थप गर्ने निर्णय गरियो ।

- इन्जिनियर श्री गिरीराज डुम्रे
- सब इन्जिनियर श्री विनोद तिवारी
- सब इन्जिनियर श्री सपना पौडेल
- सब ओभरसियर श्री पारेश्वर आचार्य
- अमिन श्री ईश्वर भण्डारी
- स.क.अ. श्री भगवती तिवारी
- हे.स.चा. श्री सुरेश पाण्डे
- ह.स.चा. श्री पर्शुराम अर्याल
- ह.स.चा. श्री राजु शर्मा
- का.स. श्री ओम प्रकाश कुवर
- का.स. श्री कमला न्यौपाने
- का.स. श्री देवी ज्ञवाली
- का.स. श्री हरिराम कुवर जोगी
- का.स. श्री जय बहादुर खड्का
- का.स. श्री हेमराज आचार्य

ग. स्वास्थ्य ईकाई तर्फका विभिन्न स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य क्लिनिकमा करार सेवामा कार्यरत तपशीलका कर्मचारीहरुको नेपाल सरकारबाट स्वास्थ्य इकाई तर्फ प्राप्त समानीकरण अनुदानको सीमा भित्र रही नेपाल सरकारबाट तोकिएको सुरु तलब स्केल २०७४ माघ १ गते देखि पाउने गरी निजहरुको म्याद २०७४ पौष देखि ०७५ असार मसान्त सम्मको लागि थप गर्ने निर्णय गरियो ।

- हे.अ. श्री विमला रोका
- अनमी चौथो श्री सरला पाण्डे घिमिरे

- अनमी चौथो श्री तुल्सा अधिकारी
- अनमी चौथो श्री यमकला डुम्रे
- अनमी चौथो श्री निशा पुन
- अनमी चौथो श्री रमा पाण्डे पन्थ
- का.स. श्री सुसिता भट्टराई
- का.स. श्री यशोधा पौडेल
- का.स. श्री पुष्पा थापा
- का.स. श्री लालबहादुर थारु चौधरी

घ. घरेलु तथा साना उद्योग महासंघ रुपन्देहीबाट तिलोत्तमा नगरपालिका वडा नं. ५ मा रहेको तिनकोठे भवन कार्यालय प्रयोजनको लागि माग भई आएकोले मासिक रु. ३०००। भाडा कायम गर्ने र सो भवनमा विद्युत, खानेपानी लाईन विस्तार गर्न बाँकी रहेको र शौचालय समेत निर्माण हुन बाँकी रहेको हुँदा सो कामहरु घरेलु तथा साना उद्योग महासंघले खर्च गरी संचालनमा ल्याउने र सो खर्चवापतको रकम भाडा रकमबाट मिलान गर्ने गरी बढिमा बढीमा २ वर्षको लागि कार्यालय संचालन गर्न भवन उपलब्ध गराउने निर्णय गरियो।

ङ. नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट २००८ जुलाई देखि संचालनमा रहदै आएको स्थानीय शासन तथा सामाजिक विकास कार्यक्रम अन्तर्गत सामाजिक परिचालन कार्यक्रमलाई नेपाल सरकार संघीय मामिल तथा स्थानीय विकास मन्त्रालय माननीय राज्यमन्त्रीस्तरको मिति २०७४।९।१३ को निर्णयबाट मिति २०७४।९।१७ देखि समाप्त भई सरकारकाबाट प्राप्त हुने अनुदान पनि स्वतःबन्द भएको हुँदा उक्त कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्र कार्यरत देहायका सामाजिक परिचालकहरुको सेवा समेत स्वत समाप्त भएको, साथै पत्र संख्या ०७४।०७५, मिति २०७४।९।१४, च.नं. २५ को पत्रबाट स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार नगरपालिकाबाट प्रदान गर्ने सेवालाई व्यवस्थित गर्नको लागि परियोजनामूलक जनशक्ति व्यवस्थापन गर्न स्वायत्त रहेकोले विगतमा उत्कृष्ट कार्यसम्पादन भएका सामाजिक परिचालकहरुको सेवालाई उपयुक्त स्रोतबाट बजेटको व्यवस्था मिलाई निरन्तरता दिन सकिने व्यहोराको परिपत्र समेत प्राप्त भएको हुँदा सामाजिक परिचालकहरुलाई नगरपालिका कार्यालय तथा वडा कार्यालयको कार्य बोझलाई समेत विचार गरी सामाजिक परिचालनको कार्य गर्नुका साथसाथै कार्यालय सहयोगीको समेत कामकाज गराउने र निजहरुलाई नेपाल सरकारले तोकेको कार्यालय सहयोगी प्रथम तहको शुरु तलव स्केल मात्र परामर्श सेवा शीर्षकमा विनियोजित बजेटबाट भुक्तानी गर्ने गरी २०७५ आसाढ मसान्तसम्म कामकाजमा लगाउने निर्णय गरियो।

- श्री मेनुका तिवारी
- श्री चन्द्रकला थापा
- श्री लक्ष्मी खासु
- श्री पवित्रा भुर्तेल
- श्री रुपा भुजेल
- श्री मन्जु पन्थि

यसैगरी जिल्ला समन्वय समिति अन्तर्गतको स्थानीय विकास कोषका वरिष्ठ सामाजिक परिचालक पदमा कार्यरत, जिल्ला समन्वय समिति रुपन्देहीको निर्णयानुसार यस नगरपालिका वार्ड नं. १६ मा कार्यरत श्री अल्पा घिमिरेलाई निजले खाईपाई आएको सेवा, सुविधा, शर्त र कार्यजिम्मेवारीका अतिरिक्त नगरपालिका भित्रको सामाजिक परिचालन कार्यक्रमको संयोजन, समन्वय र परिचालन गर्नेगरी जिम्मेवारी समेत दिने निर्णय गरियो।

च. यस तिलोत्तमा नगरपालिकाको कार्यालय भवन हालसम्म निर्माण प्रकृया सुरु नभएको हुँदा नेपाल सरकारले तोकेको नगरपालिकाको केन्द्र साविक आनन्दवन वडा नं. ६ हाल तिलोत्तमा नगरपालिका वडा नं. ६ कुन्जलापुरमा रहेको कि.नं. २४ को सरकारी जग्गामा कार्यालय भवन र साविक करहिया तिलोत्तमा नगरपालिका

वडा नं. ७ र ९ केउलानीमा रहेको सरकारी जग्गामा कार्यालयको अतिथि गृह सहित सभाहल निर्माण प्रारम्भ गर्न मिति २०७४।१०।०८ गते शिलान्यस गर्ने निर्णय गरियो ।

छ. स्थानीय सरकार संचालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ को परिच्छेद १५, दफा १०२ (३) द्वारा प्रत्यायोजित प्रमाणिकरण भएका कानून स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्ने व्यवस्था अनुसार राजपत्र प्रकाशन र मुद्रण सम्बन्धमा कार्यपालिकाको बैठकमा व्यापक छलफल हुंदा विद्यमान कानूनी प्रक्रिया अनुसार प्रकाशन तथा मुद्रण गर्ने सर्वसम्मत निर्णय गरियो ।

ज. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (ङ) बमोजि अभिलेख अद्यावधिक गर्नको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दिएको नमूनामा आधारित रही प्रश्नावली निर्माण गरी स्थानीय अभिलेख (सुकुम्वासी, भूमिहिन र अव्यवस्थित बसोबासीहरुको विवरण समेत) संकलन गर्ने त्यसका लागि आवश्यक व्यवस्थापन गर्न नगर सचिवालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

झ. नगरपालिका भित्रको बढ्दो जनसंख्या, आन्तरिक बसाई सराई अव्यवस्थित र बढ्दो शहरीकरण लगायतका कारणले कृषियोग्य जमिन, वनजंगल, सरकारी, सार्वजनिक जग्गा तथा विभिन्न प्राकृतिक स्रोतहरुमा अतिक्रमण भई रहेको हुंदा उक्त कार्यलाई रोकी नगरपालिका भित्रको सीमित भूमि र भूमिश्रोतको संरक्षण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापन गर्नको लागि नगरपालिका स्तरीय भू-उपयोग योजना निर्माण गर्नको लागि देहायबमोजिमको उप समिति गठन गर्ने र उक्त उप समितिले आफ्नो कार्यविधि आफै निर्धारण गरी आवश्यकता अनुसार प्राविधिक एवं विशेषज्ञ सेवा लिन सक्ने अख्तियारी समेत दिने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. प्रा. डा. भोजराज कडेरिया | - | संयोजक |
| २. प्र.प्र.अ.श्री कृष्णप्रसाद सापकोटा | - | सदस्य |
| ३. ईन्जिनियर श्री दुजेन्द्र वस्नेत | - | सदस्य |
| ४. ई. यमलाल पाण्डे | - | सदस्य |
| ५. वेलप्रसाद शर्मा | - | सदस्य |
| ६. अधिवक्ता शरद भट्टराई | - | सदस्य |
| ७. सरीता श्रीष | - | सदस्य |
| ८. क्षमा न्यौपाने | - | सदस्य |
| ९. ई मनिष खनाल | - | सदस्य सचिव |

ञ. यस नगरपालिका भित्र कुनै प्रकारको बन्द, हडताल, चक्काजाम जस्ता कृयाकलापहरु संचालन हुन नदिन आगामी २०७५ वैशाख १ गते देखि बन्दमुक्त नगरपालिका घोषणा गर्ने सम्बन्धमा नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

ट. प्लाष्टिक झोला र प्लाष्टिक ग्लास मुक्त नगरपालिका घोषणा सम्बन्धमा ।

- यस नगरपालिकालाई तोकिए बमोजिमको गुणस्तर भन्दा न्यून गुणस्तरका प्लाष्टिकका झोलामुक्त नगरपालिका घोषणाका विधि, आवश्यक पर्ने न्यून पूर्वाधार, आन्तरिक तथा वाह्य समन्वय लगायतका विषयहरु समेटि कार्ययोजना पेश गर्नका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने, उक्त कार्यदलको सुझावका आधारमा नगरपालिकालाई २०७५ वैशाख १ गते भित्र प्लाष्टिकका झोलामुक्त नगरपालिका घोषण गर्ने निर्णय गरियो ।
  - केशवराज न्यौपाने - संयोजक
  - हरि तिवारी - सदस्य
  - जे.पी. कंडेल - सदस्य
  - गुणनीधि भण्डारी - सदस्य

- काशिराम बन्जाडे - सदस्य सचिव

ठ. भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।

- नगरपालिको छविलाई अन्तराष्ट्रियस्तरमा स्थापित गर्न र पारस्परिक हित अभिवृद्धि गर्नको लागि नेपालसँग दौत्यसम्बन्ध कायम रहेका राष्ट्रका ख्यातिप्राप्त शहरहरुसँग नगरपालिकाको सर्वोपरि हितलाई केन्द्रविन्दूमा राख्दै भगिनी सम्बन्ध राख्नको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

ड. सम्मान कार्यक्रम सम्बन्धमा

नगरपालिकाको विकास व्यवस्थापन, शहरी सुन्दरता, हरियाली प्रबर्द्धन लगायतका नगरका विभिन्न आयाममा उत्कृष्ट योगदान पुर्‍याएका सामाजिक सघ संस्था, व्यक्ति निकायलाई पुरस्कृत गर्नको लागि देहाय बमोजिको पुरस्कार तथा सम्मान सिफारिस उप समिति गठन गर्ने निर्णय गरियो ।.

- नगर उपप्रमुख श्री जगेश्वरी देवी चौधरी
- नगर प्रवक्ता श्री सुरेन्द्र श्री सदस्य
- ई गिरिराज डुम्रे - सदस्य सचिव

ढ) नगरपालिका भित्रका पुरानो घरको नक्सा पासको म्याद चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

ण) तिलोत्तमा नगरपालिका वडा नं. २ स्थीत रामजानकी पथ सडक कालोपत्रे उपभोक्ता समितिबाट गत आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न गरी यस आ.व.मा बजेटको व्यवस्था गरीदिनुहुन भनि माग आएको हुँदा सो सम्बन्धमा विनियोजन ऐनमा बजेटको व्यवस्था गरी ५०:५० को अवधारणा अनुसार भुक्तानी दिने र तिलोत्तमा नगरपालिका वडा नं. ६ गणेशपथ सडक बत्ती उपभोक्ता समितिलाई गत आ.व. को भुक्तानी दिन बाकी रकम न.पा. को निर्णय अनुसार प्रति पोल रु. ४००।- का दरले भुक्तानी दिने निर्णय गरियो ।